Sangam

## खैरहनी नगर कार्यपालिकाको बैठक संख्या ३ (आ.व.२०८२/८३)

आज मिति २०८२/०६/०७ गते मंगलबार बिहानको ७:३० बजे खैरहनी नगरपालिकाका प्रमुख श्री शशी कुमार खनियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरियो ।

**तपसिल**

| क्र.स. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री शशी कुमार खनिया | |
| २ | उप-प्रमुख | श्री कविता उप्रेती | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री नवराज भुसाल | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री रोहिणी प्रसाद उप्रेती | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री पूर्ण बहादुर गुरुङ्ग | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री वेद बहादुर अधिकारी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री छत्रनाथ सुवेदी | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री कमल प्रसाद न्यौपाने | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री मनेजर महतो | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री शंकर कंडेल | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री बन्धु राम महतो | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री चन्द्र बिक्रम चौधरी | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री दिपेन्द्र कुमार दराई | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री केदार नाथ पन्त | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री कुल प्रसाद भुसाल | |
| १६ | कार्यपालिका सदस्य | श्री बुधरमिया चौधरी | |
| १७ | कार्यपालिका सदस्य | श्री गोमा देवी घर्ति | |
| १८ | कार्यपालिका सदस्य | श्री मैया बि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री बिक्रमिया चौधरी | |
| २० | कार्यपालिका सदस्य | श्री आनन्द दराई | |
| २१ | कार्यपालिका सदस्य | श्री विष्णु माया कामि | |
| २२ | कार्यपालिका सदस्य | श्री दुखीराम दराई | |
| २३ | कार्यपालिका सदस्य | श्री मेनुका परियार | |
| २४ | सचिव | नेत्रप्रसाद पौडेल | |

खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
बागमती प्रदेश
२०७३

खैरहनी नगरपालिका

नगर कार्यपालिकाको बैठक

मेतिः २०८२/०६/०७ गते, विहान ७.०० बजे

बैठक सङ्ख्याः ३ (आ.व. २०८२/८३)

**निर्णय**

1. २०८२ साल भदौ महीनाको २४ गतेको जेनजी आन्दोलन र तत्पश्चात भएको तोडफोड, आगजनी र लुटपाटबाट देशैभर तथा यस नगरपालिकाको प्रशासकीय भवनहरू, सबै वडा कार्यालयहरूमा अकल्पनीय रूपमा ठूलो क्षति पुगेकोछ । उक्त तोडफोड, आगजनी, लुटपाटको घोर निन्दा एवम् भर्त्सना गर्ने र घटनाको सत्यतथ्य छानवीन गरी दोषीहरूलाई कडाभन्दा कडा कारवाही गर्न नेपाल सरकारसमेत सम्बद्ध सबै निकायहरूमा जोडदार माग गर्ने । २०८२ साल भदौ महीनाको २४ गते जेनजी आन्दोलन र तत्पश्चात भएको तोडफोड, आगजनी र लुटपाटबाट यस नगरपालिका अन्तर्गत स्थायी बसोबास रहेका बागमती प्रदेश सभाका माननीय सांसद् श्री जगन्नाथ थपलिया, यसै नगरपालिकाका नगर प्रमुख श्री शशी कुमार खनिया, उपप्रमुख श्री कविता उप्रेती, वडा नं. ८ का वडा अध्यक्ष श्री शंकर कँडेल, नेकपा एमाले चितवन जिल्ला कमिटीका अध्यक्ष श्री कमल पाठकको घरमा भएको लुटपाट, चोरिडकैति, तोडफोड एवम् आगजनीबाट ठूलो धनराशी बराबरको क्षति पुगेको छ, समाज त्रसित बनेकोछ । उक्त निन्दनीय कार्यको घोर भर्त्सना गर्ने, पीडित जनप्रतिनिधिहरू एवम् अन्य व्यक्तिहरूप्रति गहिरो सहानुभूति प्रकट गर्ने र दोषीमाथि कडा कारवाहीको माग गर्दै आगामी दिनहरू यस्ता विध्वंसात्मक घटनाको पुनरावृत्ति हुन नदिने भरपर्दो सुरक्षा व्यवस्था मिलाउन नेपाल सरकारसमक्ष जोडदार माग गर्ने । २०८२ साल भदौ महीनाको २४ गते नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरूसमेतमा भएको आगजनी एवम् विध्वंसात्मक कार्यबाट जनप्रतिनिधि, कर्मचारीमा पर्नगएको मनोवैज्ञानिक त्रासबाट विस्तारै माथि उठी फेरीपनि पूर्ववत् रुपमा कार्यालय सञ्चालन र सेवाप्रवाहमा जुट्नको लागि सिङ्गो नगरपालिका एकैठाउँमा रहेको भावानुभूति प्रकट गर्ने । २०८२ साल भदौ महीनाको २४ गतेको आगजनी तथा लुटपाट र तोडफोडबाट नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूमा ध्वस्त भएका संरचनाहरुको सरसफाई, डडेका/ फुटेका सामानहरू हटाउने, मर्मत सम्भार तथा पुनर्निर्माण कार्यलाई छिटोछरितो खरिद विधि र प्रकृया छनोट गरी गर्ने । मर्मत सम्भार कांर्यमा सबै आइटमहरू एकमुष्ठ गरी ठेक्का व्यवस्थापन गर्दा लामो समय खर्चिने, मर्मत



शशी कुमार खनिया
नगर प्रमुख

कार्यको अवधि लम्बिने, सेवाप्रवाह नराम्रोसँग प्रभावित हुने र जनआक्रोस झनै चुलिने भएको हुनाले तोडफोड तथा आगजनीमा बचेका स्वस्थ्य सामग्रीहरूको पुनर्प्रयोग हुने प्रवन्ध मिलाउने, मर्मत गरी पुनःप्रयोग गर्नमिल्ने सामग्रीहरूको मर्मत गर्ने र आगजनी, तोडफोड भएको भवनमा प्लाष्टर, झ्यालढोका मर्मत, भवन रङरोगन, विघूतीकरण, स्यानीटरी (प्लम्विङ तथा खानेपानी), अत्यावश्यक स्टेशनरी खरिद, फर्निचर एवम् उपकरण (कम्प्यूटर/ प्रिन्टर) खरिद कार्यलाई छुट्टाछुट्टै प्याकेज बनाई लागत अनुमान तयार गरी छोटो र संक्षिप्त विधिबाट मर्मत तथा खरिद कार्य सम्पन्न गर्ने । २०८२ साल भदौ महीनाको २४ गतेको अकल्पनीय घटनाबाट क्षतविक्षत भएका नगरपालिकाका प्रशासनिक कार्यालयहरू, वडा कार्यालयहरूको तत्कालै मर्मत गरी सेवाप्रवाह प्रारम्भ गर्नुपर्ने प्रथम दायित्व नगरपालिकाको रहेकाले सार्वजनिक खरिद विधिको चयन गर्दा छिटोछरितो र संक्षिप्त विधि/ प्रकृया अपनाउने । आवश्यकताबमोजिम खरिद आइटमको दररेट माग गर्दा तथा ठेक्का व्यवस्थापन गर्दा दररेट पेस गर्ने समयावधि र ठेक्का बीड (Bid) गर्ने समयावधि आवश्यकताबमोजिम कार्यालयले छिटोछरितो र संक्षिप्त (३ दिन, ५ दिन, ७ दिनसम्म) गर्न सक्ने । सबै वडा कार्यालयहरूलाई छोटो समयमा मर्मत गरी सेवाप्रवाह पुनर्वहाली गर्नुपर्ने भएकाले आवश्यकताबमोजिम वडा कार्यालयबाटसमेत निर्माण/ खरिद प्रकृया कार्यको दररेट माग तथा खरिद आदेश र सम्झौता गर्नेसम्मका अधिकारहरू नगर कार्यपालिकाको कार्यालयले दिन सक्ने । २०८२ साल भदौ महीनाको २३ र २४ गते भएको जेनजी आन्दोलनमा ज्यान गुमाउने नेपाल आमाका सबै सपुतहरूप्रति यस खैरहनी नगरपालिकाको तर्फबाट हार्दिक श्रद्धाञ्जली व्यक्त गर्ने । सबै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने र मृतकका शोकाकूल परिवारजन र आफन्तहरूमा गहिरो समवेदना व्यक्त गर्ने ।

-०-



शशी कुमार खरेल
नगर प्रमुख